# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६५/६६ को पहिलो दुईमहिनासम्मको तथ्याङ्कमा आधारित)*

## मौद्रिक स्थिति

### मुद्राप्रदाय

१. आर्थिक वर्ष २०६५/६६ को पहिलो दुई महिनासम्ममा विस्तृत मुद्राप्रदाय २.९ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा सो मुद्राप्रदाय १.८ प्रतिशतले बढेको थियो । मौद्रिक क्षेत्रको खुद आन्तरिक सम्पत्ति अघिल्लो वर्षको तुलनामा उच्च रहेकोले विस्तृत मुद्राप्रदायको विस्तार उच्च रहेको हो । संकुचित मुद्राप्रदाय भने अघिल्लो वर्ष ३.२ प्रतिशतले घटेको तुलनामा समीक्षा अवधिमा ४.३ प्रतिशतले घटेको छ । आवधिक निक्षेप अघिल्लो वर्ष ४.१ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ६.१ प्रतिशतले बढेको छ ।

२. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा नोक्सान समायोजित) १.२ प्रतिशत (रू २ अर्ब ११ करोड) ले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति २.० प्रतिशत (रू २ अर्ब ७० करोड) ले घटेको थियो । समीक्षा अवधिमा व्यापार घाटा अघिल्लो वर्ष भन्दा बढेकोले खुद वैदेशिक सम्पत्ति घटेको हो ।

### कुल आन्तरिक कर्जा

३. आर्थिक वर्ष २०६५/६६ को पहिलो दुई महिनासम्ममा आन्तरिक कर्जा ४.३ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष सो कर्जा २.१ प्रतिशतले बढेको थियो । निजी क्षेत्रतर्फको कर्जा प्रवाहको वृद्धिदर अघिल्लो वर्ष ३.८ प्रतिशत रहेकोमा समीक्षा अवधिमा ५.९ प्रतिशत रहेको छ । त्यस्तै, सरकारी वित्तीय संस्थाहरूमाथिको दावी घटेता पनि गैर सरकारी वित्तीय संस्थाहरूमाथिको दावी अघिल्लो वर्ष रू १ अर्ब २९ करोडले बढेकोमा समीक्षा अवधिमा रू २ अर्ब ९३ करोडले बढेको छ । वाणिज्य बैंकहरूले वित्त कम्पनी तथा अन्य वित्तीय संस्थाहरूमा अल्पकालीन लगानी बढाएकाले गैर-सरकारी वित्तीय संस्थाहरूमाथिको दावी बढ्न गएको हो ।

४. समीक्षा अवधिमा नेपाल सरकारमाथिको खुद दावी ५.३ प्रतिशतले घटेको छ । अघिल्लो वर्ष उक्त दावी ३.८ प्रतिशतले घटेको थियो । नेपाल सरकारको खर्चको तुलनामा साधन परिचालन उच्च हुनगई नेपाल राष्ट्र बैंकसँग रू ७ अर्ब ९३ करोड बराबरको उच्च नगद बचत कायम रहन गएकोले उक्त दावी घटेको हो ।

५. समीक्षा अवधिमा गैर-वित्तीय सरकारी संस्थाहरूमाथिको दावी ८.१ प्रतिशत अर्थात रू ४५ करोड ४८ लाख ले बढेको छ । अघिल्लो वर्ष उक्त दावी १७.९ प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा जनकपुर चुरोट कारखाना लिमिटेड, नेपाल खाद्य संस्थान, नेपाल आयल निगम, नेपाल वायु सेवा निगम, जनक शिक्षा सामग्री केन्द्र

लिमिटेड र नेपाल विद्युत प्राधिकरणले बैकिङ्ग क्षेत्रबाट थप कर्जा उपयोग गरेकोले उक्त संस्थाहरूमाथिको दावी समीक्षा अवधिमा बढेको हो ।

**वाणिज्य बैंकहरूको बचत परिचालन तथा कर्जा प्रवाहको स्थिति**

६. आर्थिक वर्ष २०६५/६६ को पहिलो दुई महिनासम्ममा वाणिज्य बैंकहरूको कुल बचत परिचालन रू १९ अर्ब ५८ करोड (४.६ प्रतिशत) ले बढी भदौ मसान्तमा रू ४४१ अर्ब १० करोड पुगेको छ । त्यस्तै, समीक्षा अवधिमा वाणिज्य बैंकहरूको निजी क्षेत्रतर्फको कर्जा प्रवाह ६.१ प्रतिशत (रू २० अर्ब ६० करोड) ले बढेको छ । निजी क्षेत्रतर्फको उच्च कर्जा प्रवाहका कारण निक्षेप परिचालनको अतिरिक्त वाणिज्य बैंकहरूले आफूसँग रहेको नगद मौज्दातको समेत उपयोग गरेकोले तरल कोष भने समीक्षा अवधिमा ३ करोड ७६ लाखले घटेको छ । निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये उत्पादनतर्फको कपडा उत्पादन तथा तयारी पोशाक र फलाम तथा स्टिलजन्य उद्योग, परिवहन साधन उपकरण, घरजग्गा करोवार, सेवा क्षेत्र र उपभोग कर्जा उच्च रहेको छ । तरलता-निक्षेप अनुपात २०६५ असार मसान्तको ३५.८ प्रतिशतबाट घटी भदौ मसान्तमा ३३.३ प्रतिशत हुन आएको छ ।

७. समीक्षा अवधिमा वाणिज्य बैंकहरूको नेपाल सरकारको ऋणपत्रमा भएको लगानी रू ४ अर्ब २८ करोडले घटेको छ । सरकारको आन्तरिक ऋण बक्यौता घट्नुको अतिरिक्त वित्तीय संस्थाहरूमा अल्पकालीन लगानी बढेको र निजी क्षेत्रतर्फको कर्जा मागमा विस्तार आएकोले सरकारी ऋणपत्रमाथिको लगानीमा कमी आएको हो ।

**तरलता व्यवस्थापन**

८. आर्थिक वर्ष २०६५/६६ को पहिलो दुई महिनासम्ममा खुला बजार कारोवारमार्फत् रू ९ अर्ब २ करोड बराबरको खुद तरलता प्रशोचन भएको छ । तरलता प्रशोचन मध्ये रू ३ अर्ब ५० करोड बराबरको तरलता सोझै विक्री बोलकबोल र रू ५ अर्ब ५२ करोड बराबरको तरलता रिभर्स रिपो बोलकबोलमार्फत प्रशोचन गरिएको छ । समीक्षा अवधिमा खुला बजार कारोवारका उपकरणमार्फत् तरलता प्रवाह भने भएको छैन ।

९. आर्थिक वर्ष २०६५/६६ को पहिलो दुई महिनासम्ममा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार हस्तक्षेपमार्फत वाणिज्य बैंकहरूबाट अमेरिकी डलर १७ करोड ४९ लाख खुद खरीद गरी रू १२ अर्ब १९ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ । आर्थिक वर्ष २०६४/६५ को यसै अवधिमा नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकहरूबाट अमेरिकी डलर १० करोड १५ लाख खुद खरीद गरी रू ६ अर्ब ६४ करोड बराबरको खुद तरलता प्रवाह गरेको थियो । विप्रेषण आप्रवाहको वृद्धि वढेकोले समीक्षा अवधिमा विदेशी विनिमय वजारमा खरीद हस्तक्षेप वढी भएको हो ।

१०. समीक्षा अवधिमा अमेरिकी डलर २० करोड बिक्री गरी भा.रू.८ अर्ब ६१ करोड खरीद भएको छ । अघिल्लो वर्षको यसै अवधिमा अमेरिकी डलर १८ करोड बिक्री गरी भा.रू.७ अर्ब ३२ करोड खरीद भएको थियो ।

**स्थायी तरलता सुविधा र अन्तर बैंक कारोवार**

११. समीक्षा अवधिमा वाणिज्य बैंकहरूले स्थायी तरलता सुविधा अन्तर्गत कुल रू २० अर्ब ८५ करोड उपयोग गरेका छन् । अघिल्लो वर्षको यसै अवधिमा वाणिज्य बैंकहरूले कुल रू ४ अर्ब ८ करोड बराबरको सुविधा उपयोग गरेका थिए । त्यस्तै, आर्थिक वर्ष २०६५/६६ को पहिलो दुई महिनासम्ममा वाणिज्य बैंकहरूबीचको अन्तर बैंक कारोवार कुल रू ४४ अर्ब ३३ करोड रहेको छ । अघिल्लो वर्षको यसै अवधिमा कुल रू ६६ अर्ब ८१ करोड बराबरको अन्तर बैंक कारोवार भएको थियो ।

**अल्पकालीन व्याजदर**

१२. आर्थिक वर्ष २०६५/६६ को पहिलो दुईमहिनासम्ममा ९१ दिने ट्रेजरी विल्सको भारित औसत मासिक व्याजदर ३.७३ प्रतिशत रह्यो । अघिल्लो वर्षको यसै अवधिमा सो ऋणपत्रको मासिक औसत व्याजदर २.१४ प्रतिशत रहेको थियो । अघिल्लो वर्ष भारित औसत मासिक अन्तर बैंक व्याजदर २.१८ प्रतिशत रहेकोमा समीक्षा अवधिमा २.३३ प्रतिशत पुगेको छ ।

**धितोपत्र बजार**

१३. वार्षिक विन्दुगत आधारमा नेप्से सूचकाङ्क १९.५ प्रतिशतले बढेर २०६५ भदौ मसान्तमा ९७६.०१ बिन्दुमा पुगेको छ । यो सूचकाङ्क २०६४ भदौ मसान्तमा ८१७.०८ थियो । २०६३ असार मसान्तलाई आधार मानी गणना गरिएको नेप्से सेन्सिटिभ सूचकाङ्क २०६५ भदौ मसान्तमा २५८.१५ रहेको छ । यो सूचकाङ्क २०६५ असार मसान्तमा २५३.४२ रहेको थियो ।

१४. नेपाल स्टक एक्सचेन्ज लिमिटेडले २०६५ भदौ ८ गतेको अन्तिम कारोवारलाई वजार मूल्यको आधारको रुपमा लिई NEPSE Float Index र Sensitive Float Index गणनाको थालनी गरेको छ, जसमा नेप्से सूचकाङ्क र सेन्सेटिभ सूचकाङ्क गणना गर्दा समाविष्ट रहेको संस्थापक, कर्मचारीहरुलाई वितरित र स्ट्राटेजिक शेयरहरु हटाई सर्वसाधारणलाई वितरित शेयरहरु मात्र समावेश गरी अन्तिम वजार मूल्यका आधारमा Index तयारीको शुरुवात गरेको छ । त्यसैगरी २०६४ असोज ६ गतेदेखि लागू गरेको नेप्से सूचकाङ्कको कमशः विन्दु १५, २० र २५ अंकको परिवर्तन भएमा कारोवार स्थगन (Market Halt) गर्ने सम्वन्धी व्यवस्थालाई २०६५।५।९ देखि परिवर्तन गरी कारोवार शुरु भएको पहिलो १ घण्टाभित्र नेप्से सूचकाङ्क ३ प्रतिशतले परिवर्तन भएमा १५ मिनेटको लागि स्थगन गर्ने, त्यसपछि पुनः ४ प्रतिशतले परिवर्तन भएमा ३० मिनेटका लागि स्थगन गर्ने र त्यसपछि पनि पुनः ५ प्रतिशतको परिवर्तन भएमा उक्त दिनको बाँकी पूरै समयको लागि कारोवार स्थगन गर्ने गरी नीतिगत परिवर्तन गरेको छ ।

१५. २०६५ भदौ मसान्तमा बजार पूँजीकरण वार्षिक विन्दुगत आधारमा १२६.६ प्रतिशतले वृद्धि भई रु.५०९ अर्ब ८१ करोड पुगेको छ । परिणामस्वरुप २०६५ भदौ मसान्तमा बजार पूँजीकरणको कुल गार्हस्थ्य उत्पादनसँगको

अनुपात ५३.९ प्रतिशत पुगेको छ । २०६४ भदौ मसान्तमा यस्तो अनुपात २७.४ प्रतिशत रहेको थियो । सूचीकृत कम्पनीहरुको वजार पूँजीकरणमा विगतमा झैं बैंक तथा वित्तीय संस्थाहरुले सबैभन्दा ठूलो हिस्सा ओगटेका छन् । जसअनुसार बजार पूँजीकरणमा बैंक तथा वित्तीय संस्थाहरुको ६८.९ प्रतिशत, उत्पादन तथा प्रशोधन क्षेत्रको १.५ प्रतिशत, होटलहरुको ०.९ प्रतिशत, व्यापारिक संस्थाहरुको ०.२ प्रतिशत, जलविद्युतको ४.७ प्रतिशत र अन्यको २३.७ प्रतिशत अंश रहेको छ ।

१६. सूचीकृत कम्पनीहरुको चुक्ता पूँजीको वार्षिक वृद्धि १०७.८ प्रतिशत रही २०६५ भदौ मसान्तमा रु.४६ अर्ब १ करोड पुगेको छ । नेपाल स्टक एक्सचेन्ज लि. मा थप धितोपत्रहरु सूचीकृत भएका कारण चुक्ता पूँजीमा वृद्धि भएको हो । यस आर्थिक वर्षको भदौ मसान्तसम्ममा रु. ९ करोड ९२ लाख बोनस शेयर, रु. १ अर्ब ३३ करोड ५३ लाख हकप्रद शेयर, रु. १५ अर्ब १६ करोड साधारण शेयर र रु. २ अर्ब ६५ करोड बराबरको ऋणपत्र (Bond) गरी जम्मा रु. १९ अर्ब २४ करोड ४५ लाख बराबरको धितोपत्र रकम सुचीकृत भएको छ । उक्त वृद्धि रकम मध्ये सबभन्दा ठूलो हिस्सा साधारण शेयरको ७८.८ प्रतिशत रहेको छ । नेपाल टेलिकमको रु. १५ अर्ब बराबरको शेयर सुचीकृत भएको कारण साधारण शेयरको अंशमा बृद्धि देखिएको हो ।

१७. २०६५ भदौ मसान्तमा मासिक कारोवारको वजार पूँजीकरणसंगको अनुपात (Turnover Ratio) ०.६० प्रतिशत रहेको छ । यस्तो अनुपात २०६४ भदौ मसान्तमा ०.६४ प्रतिशत थियो ।

१८. २०६५ भदौ मसान्तमा नेपाल स्टक एक्सचेन्ज लि. मा सूचीकृत भएका कम्पनीहरुको संख्या १४४ रहेको छ । २०६४ भदौ मसान्तमा यो संख्या १३८ रहेको थियो । हाल सूचीकृत कम्पनीहरुमध्ये ११३ वटा वित्तीय संस्था (बिमा कम्पनी समेत), १८ वटा उत्पादन र प्रशोधन गर्ने उद्योग, ४ वटा होटल, ४ वटा व्यापारिक संस्था ३ वटा जल विद्युत कम्पनी र २ वटा अन्य समूहका रहेका छन् ।

१९. शेयरबजारको उतारचढाव (Volatility) मापन गर्नका लागि प्रयोग गरिने १२ महिनाको Rolling Standard Deviation २०६४ भदौ मसान्तमा ११९.२ रहेकोमा २०६५ भदै मसान्तमा ११२.८ रहेको छ ।

**उपभोक्ता मुद्रास्फीति**

२०. आर्थिक वर्ष २०६५।६६ को दोस्रो महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति १३.५ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा यस्तो मुद्रास्फीति ७.० प्रतिशत रहेको थियो । खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क १४.२ प्रतिशतले र गैरखाद्य तथा सेवा समूह १२.८ प्रतिशतले वृद्धि भएको कारण समग्र उपभोक्ता मुद्रास्फीति दर अघिल्लो वर्षको भन्दा समीक्षा अवधिमा अधिक रहेको छ । अघिल्लो वर्ष यी समूहहरुको मूल्य वृद्धि क्रमशः १०.९ प्रतिशत र २.८ प्रतिशत रहेको थियो ।

२१. २०६५ भदौमा खाद्य तथा पेय पदार्थ समूहमा पर्ने वस्तुहरुमध्ये अधिकांश उपसमूहहरुको मूल्य वृद्धि उच्च अङ्कको रहेको छ । यी वस्तुहरुमध्ये चिनी तथा चिनीजन्य वस्तुको मूल्य वृद्धि सबैभन्दा बढी ३८.९ प्रतिशत रहेको छ ।

अघिल्लो वर्ष यस उपसमूहको मूल्यमा १८.५ प्रतिशले ह्रास आएको थियो । यसैगरी खाने घ्यू तथा तेलको मूल्य ३६.५ प्रतिशतले वृद्धि भएको छ । २०६४ भदौमा यो उपसमूहको मूल्यवृद्धि ११.९ प्रतिशत रहेको थियो । साथै, खाद्यान्न उपसमूहको वार्षिक बिन्दुगत मूल्य वृद्धि २३.८ प्रतिशत रहेको छ । २०६४ भदौमा यस उपसमूहको वार्षिक बिन्दुगत मूल्य वृद्धि ९.८ प्रतिशत रहेको थियो । यस उपसमूहमा पर्ने चामल तथा चामलजन्य वस्तुहरुको वार्षिक बिन्दुगत मूल्य वृद्धि २८.४ प्रतिशत रहको छ । २०६४ भदौमा चामल तथा चामलजन्य वस्तुहरुको वार्षिक बिन्दुगत मूल्य वृद्धि ९.८ प्रतिशत रहेको थियो । २०६५ भदौमा उच्च अङ्कले मूल्य वृद्धि भएका अन्य वस्तुहरुमा दलहन, रेष्टुरेन्ट खाना, दुध तथा दुग्ध पदार्थ, माछामासु तथा फुल र मरमसला उपसमूहहरुको वार्षिक बिन्दुगत मूल्य वृद्धि क्रमशः २३.७ प्रतिशत, १५.६ प्रतिशत, १४.६ प्रतिशत, १४.५ प्रतिशत र १३.२ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यी उपसमूहहरुको वार्षिक बिन्दुगत मूल्य वृद्धि क्रमशः १७.८ प्रतिशत, ४.२ प्रतिशत, ८.१ प्रतिशत, ७.८ प्रतिशत र १३.२ प्रतिशत रहेको थियो । २०६४ भदौमा २६.० प्रतिशतले बृद्धि भएको फलफुल तथा तरकारीको मूल्यमा भने समीक्षा अवधिमा १४.६ प्रतिशतले ह्रास आएको छ ।

२२. २०६५ भदौमा गैर-खाद्यवस्तु तथा सेवा समूहका वस्तुहरुमध्ये यातायात तथा सञ्चार, घरायसी वस्तु तथा सेवा सूर्ती तथा सूर्तीजन्य वस्तु उपसमूहको वार्षिक बिन्दुगत मूल्य वृद्धि प्रतिशत दुई अङ्को रहेको छ । समीक्षा अवधिमा यी उमसमूहहरुको मूल्य वृद्धि क्रमशः २३.१ प्रतिशत, १८.१ प्रतिशत र १२.७ प्रतिशत रहेको छ भने अघिल्लो वर्ष क्रमशः -०.५ प्रतिशत, २.५ प्रतिशत र ३.२ प्रतिशत रहेको थियो ।

२३. क्षेत्रगत आधारमा विश्लेषण गर्दा समीक्षा अवधिमा काठमाण्डौमा सबैभन्दा बढी १४.१ प्रतिशत मूल्य वृद्धि भएको छ भने तराईमा १३.५ प्रतिशत र पहाडमा १२.७ प्रतिशत रहेको छ । अघिल्लो वर्षको यसै अवधिमा यस्तो वृद्धिदर क्रमशः ६.३ प्रतिशत, ७.५ प्रतिशत र ६.८ प्रतिशत रहेको थियो ।

२४. २०६५ भदौमा वार्षिक विन्दुगत अन्तर्निहित मुद्रास्फीति (Core Inflation) १२.१ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा उक्त मुद्रास्फीति ५.४ प्रतिशत रहेको थियो ।

**थोक मुद्रास्फीति**

२५. राष्ट्रिय थोक मूल्य सूचकाङ्कको वार्षिक विन्दुगत वृद्धिदर २०६४ भदौमा ११.१ प्रतिशत रहेकोमा २०६५ भदौमा १०.३ प्रतिशत रहेको छ । समीक्षा अवधिमा थोक मूल्य अन्तर्गतका कृषिजन्य वस्तु, स्वदेशी उत्पादित वस्तु तथा आयातीत वस्तुहरुको मूल्य क्रमशः ०.७ प्रतिशत, १५.८ प्रतिशत र २४.० प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी वस्तुहरुको मूल्य क्रमशः १६.६ प्रतिशत, ७.८ प्रतिशत र ४.५ प्रतिशतले वृद्धि भएको थियो । आयातीत वस्तुहरुको मूल्य सूचकाङ्क उच्च दरले वृद्धि भएता पनि कृषिजन्य वस्तु अन्तर्गत नगदेवाली र फलफूल तथा तरकारीको मूल्यमा उच्च ह्रास आएकाले थोकमूल्यमा सुधार भएको छ ।

२६. २०६५ भदौमा कृषिजन्य वस्तुहरुमध्ये दलहनको वार्षिक बिन्दुगत मूल्य वृद्धि २२.२ प्रतिशत, खाद्यवस्तु २१.५ प्रतिशत, पशुजन्य आहार १३.३ प्रतिशत र मरमसलाको १०.० प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यी वस्तुहरुको मूल्य वृद्धि क्रमशः १७.६ प्रतिशत, ८.२ प्रतिशत, ४.७ प्रतिशत र ९.३ प्रतिशत रहेको थियो । २०६४ भदौमा फलफूल तथा तरकारी र नगदेबालीको मूल्य क्रमशः ३७.२ प्रतिशत र २०.२ प्रतिशतले वृद्धि भएकोमा समीक्षा अवधिमा क्रमशः २२.१ प्रतिशत र २३.२ प्रतिशतले ह्रास भएको छ ।

२७. २०६५ भदौमा स्वदेशमा उत्पादित वस्तुहरुमध्ये निर्माण सामग्री र खाद्यजन्य वस्तुको मूल्य क्रमशः २४.५ प्रतिशत र २१.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो वृद्धि क्रमशः १४.७ प्रतिशत र ५.३ प्रतिशत रहेको थियो ।

२८. आयातीत वस्तुहरुमध्ये २०६५ भदौमा पेट्रोलियम पदार्थ तथा कोइलाको मूल्य सबैभन्दा बढी ३९.२ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मूल्य वृद्धि २.० प्रतिशत रहेको थियो । यसैगरी, २०६५ भदौमा यातायात तथा मेशिनरी वस्तुहरु र रासायनिक मल तथा रासायनिक वस्तुहरुको वार्षिक बिन्दुगत मूल्य वृद्धि क्रमशः ३०.८ प्रतिशत र ११.७ प्रतिशत रहेको छ । अघिल्लोवर्षको सोही अवधिमा यी वस्तुरुको वार्षिक बिन्दुगत मूल्य वृद्धि क्रमशः ४.६ प्रतिशत र ११.४ प्रतिशत रहेको थियो ।

### राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क

२९. २०६५ भदौ महिनामा वार्षिक बिन्दुगत राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क ९.२ प्रतिशतले वृद्धि भएको छ । २०६४ भदौमा सो सूचकाङ्क १२.५ प्रतिशतले बढेको थियो । तलब तथा ज्यालदर सूचकाङ्कमध्ये तलब उपसूचकाङ्क समीक्षा अवधिमा स्थिर रहेको छ । यस्तो सूचकाङ्क अघिल्लो वर्षको यसै अवधिमा १०.९ प्रतिशतले बढेको थियो । २०६४ साउनदेखि सरकारी कर्मचारीलगायत सुरक्षाकर्मी, संस्थानका कर्मचारी, शिक्षक आदिको तलबमा भएको वृद्धिको आधार प्रभाव समाप्त भएकोले यस अवधिमा तलव सूचकाङ्कमा सुधार आएको हो । ज्यालादर सूचकाङ्क समीक्षा अवधिमा १२.३ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको यसै अवधिमा यो सूचकाङ्क १३.१ प्रतिशतले बेढेको थियो । २०६५ भदौमा ज्यालादर अन्तर्गत कृषि मजदुर, औद्योगिक मजदुर र निर्माण मजदुरको ज्यालादर सूचकाङ्क क्रमशः १९.५ प्रतिशत, २.७ प्रतिशत र ८.९, प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो सूचकाङ्क क्रमशः ९.१ प्रतिशत, १९.४ प्रतिशत र १३.२ प्रतिशतले वृद्धि भएको थियो ।

## सरकारी वित्त स्थिति

### सरकारी बजेट घाटा/ बचत स्थिति

३०. आर्थिक वर्ष २०६५/६६ को पहिलो दुई महिनासम्ममा सरकारी बजेट रु ३ अर्व ३७ करोडले बचतमा रहेको छ । सरकारी खर्चको तुलनामा गैर ऋण साधन परिचालन उच्च रहेकोले सरकारी बजेट समीक्षा अवधिमा बचतमा रहेको हो । अघिल्लो वर्ष सरकारी बजेट रु रु.२ अर्व ५६ करोडले बचतमा थियो ।

**सरकारी खर्च**

३१. आर्थिक वर्ष २०६५/६६ को पहिलो दुईमहिनासम्ममा नगद प्रवाहमा आधारित कुल सरकारी खर्च ४०.४ प्रतिशतले वृद्धि भई रु.१५ अर्व ६४ करोड पुगेको छ । अघिल्लो वर्षको यसै अवधिमा सरकारी खर्च १३.५ प्रतिशतले बढेको थियो । चालू खर्च, फ्रीज खर्च र सांवा भुक्तानी खर्चमा भएको वृद्धिको कारण कुल सरकारी खर्चको वृद्धि दरमा विस्तार आएको हो ।

३२. समीक्षा अवधिमा नेपाल सरकारको चालू खर्च ११.९ प्रतिशतले वृद्धि भई २०६५ भदौ मसान्तमा रु.८ अर्व ४४ करोड पुगेको छ । अघिल्लो वर्ष चालू खर्च ५.७ प्रतिशतले बढेको थियो । विस्तारित संसद व्यवस्थापन, नियमित सरकारी प्रशासनिक खर्च, र द्वन्द व्यवस्थापनसम्बन्धी सरकारी खर्च बढेकोले समीक्षा अवधिमा चालू खर्चमा वृद्धि भएको हो ।

**सरकारी राजस्व**

३३. आर्थिक वर्ष २०६५/६६ को पहिलो दुई महिनासम्ममा नेपाल सरकारको राजस्व परिचालन १७.५ प्रतिशतले वृद्धि भई रु.१४ अर्व ५९ करोड पुगेको छ । अघिल्लो वर्षको यसै अवधिमा राजस्व १५.४ प्रतिशतले बढेको थियो । मूल्य अभिवृद्धि कर, आयकर र भन्सार राजस्वको वृद्धिदरमा विस्तार आएको कारण समीक्षा अवधिमा राजस्व परिचालनको वृद्धिदर उच्च रहेको हो ।

३४. आयकर, भन्सार, मूल्य अभिवृद्धि कर र रजिष्ट्रेशन शुल्कवापत प्राप्त हुने राजस्व वृद्धि समीक्षा अवधिमा उच्च रहेको छ भने अन्य राजस्वको वृद्धिदरमा कमी आएको छ । गैरकर राजस्व समीक्षा अवधिमा ५२.४ प्रतिशतले घटेको छ

**वैदेशिक नगद ऋण र अनुदान**

३५. आर्थिक वर्ष २०६५/६६ को पहिलो दुईमहिनासम्ममा नेपाल सरकारलाई वैदेशिक नगद ऋणवापत् रु ६२ करोड ५१ लाख र वैदेशिक नगद अनुदानवापत् रु.२ अर्व १२ करोड प्राप्त भएको छ । अघिल्लो वर्ष ती शीर्षकहरुमा क्रमशः रु.४१ करोड ३५ लाख र रु.७७ करोड ६९ लाख प्राप्त भएको थियो ।

## बैदेशिक व्यापार

३६. आर्थिक वर्ष २०६५/६६ को पहिलो दुई महिनासम्ममा कुल निर्यात ३६.१ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल निर्यात ३.१ प्रतिशतले घटेको थियो । कुल निर्यातमध्ये भारततर्फको निर्यात १२.२ प्रतिशतले बढेको छ भने अन्य मुलुकतर्फको निर्यात ८२.० प्रतिशतले बढेको छ । अघिल्लो वर्ष भारततर्फको निर्यात ८.२ प्रतिशतले घटेको थियो भने अन्य मुलुकतर्फको निर्यात ८.४ प्रतिशतले बढेको थियो ।

३७. भारततर्फ मुख्यतयाः तयारी पोशाक, तामाको तारडण्डी, जस्ता पाता, टुथपेष्ट तथा खयर एवं अन्य मुलुकतर्फ विशेषगरी दाल, ऊनी गलैंचा, पश्मिना, जडीबुटी र छालाको  निर्यातमा उल्लेख्य वृद्धि आएको कारण कुल निर्यात बढेको हो ।

३८. अघिल्लो वर्षको पहिलो दुई महिनामा ८.१ प्रतिशतले बढेको कुल आयात आर्थिक वर्ष २०६५/६६ को सोही अवधिमा ४३.३ प्रतिशतले बढेको छ । कुल आयातमध्ये भारतबाट भएको आयात अघिल्लो वर्ष ५.३ प्रतिशतले बढेकोमा यस वर्ष ३४.३ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी अन्य मुलुकबाट भएको आयात अघिल्लो वर्ष १२.४ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ५६.५ प्रतिशतले वृद्धि भएको छ ।

३९. आर्थिक वर्ष २०६५/६६ को प्रथम दुई महिनासम्ममा भारतबाट मुख्यतया पेट्रोलियम पदार्थ, सवारी साधन तथा पाटपुर्जा, कोल्ड रोल्ड शीट इन्क्वाइल, हट रोल्ड शीट इन्क्वाइल र अन्य मेशिनरी तथा पाटपुर्जा एवं अन्य मुलुकबाट विशेषगरी सुन, दूरसंचारका सामग्री, कपडा, कम्प्युटर तथा पाटपुर्जा , एम.एस. विलेट र अन्य मेशिनरी तथा पाटपुर्जाको आयातमा उल्लेख्य वृद्धि आएको छ ।

**शोधनान्तर**

४०. आर्थिक वर्ष २०६५/६६ को पहिलो दुई महिनासम्मा समग्र शोधनान्तर स्थिति रु. २ अर्व ११ करोडले घाटामा रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा समग्र शोधनान्तर स्थिति रु. २ अर्व ७० करोडले घाटामा रहेको थियो । समीक्षा अवधिमा व्यापार घाटामा उच्च वृद्धि भएतापनि पर्यटन आय ४०.१ प्रतिशत एवं विप्रेषण आप्रवाह ७३.९ प्रतिशतको उल्लेख्य दरले वृद्धि भएकोले चालू खाता रु. ४५ करोडले बचतमा रहन गएको छ । अघिल्लो वर्षको सोही अवधिमा पर्यटन आय र विप्रेषण आप्रवाह क्रमशः ७२.९ प्रतिशत र १७.३ प्रतिशतले बढेको थियो भने चालू खाता रु. ३ अर्व ९६ करोडले घाटामा रहेको थियो ।

**विदेशी विनिमय सञ्चिति**

४१. २०६५ भदौ मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०६५ असार मसान्तको तुलनामा १.३ प्रतिशतले बढी रु. २१५ अर्व ४३ करोड पुगेको छ । आर्थिक वर्ष २०६४/६५ को सोही अवधिमा यस्तो सञ्चिति १.७ प्रतिशतले घटेको थियो । अमेरिकी डलरमा भने २०६५ असारदेखि भदौ मसान्तसम्ममा कुल सञ्चिति ५.३ प्रतिशतले घटी अमेरिकी डलर २ अर्व ९४ करोडमा सीमित हुन पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल सञ्चिति अमेरिकी डलरमा गणना गर्दा १.९ प्रतिशतले घटेको थियो । आर्थिक वर्ष २०६५/६६ को पहिलो दुई महिनाको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तरले ८.९ महिनाको वस्तु आयात र ६.९ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको छ ।

**अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति**

४२. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६४ भदौ मसान्तमा प्रति व्यारल अमेरिकी डलर ७७.४७ रहेकोमा २०६५ भदौ मसान्तमा १३.७ प्रतिशतले बढी प्रति व्यारल अमेरिकी डलर ८८.०६ पुगेको छ । त्यसैगरी सुनको मूल्य २०६४ भदौ मसान्तको तुलनामा २०६५ भदौ मसान्तमा ८.४ प्रतिशतले बृद्धि भई प्रति आउन्स अमेरिकी डलर ७१९.०० बाट अमेरिकी डलर ७७९.५० पुगेको छ ।

४३. २०६५ असार मसान्तको तुलनामा २०६५ भदौ मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ६.४८ प्रतिशतले अवमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ०.२३ प्रतिशतले अवमूल्यन भएको थियो । २०६४ भदौ मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रु. ६५.०० रहेको थियो भने २०६५ भदौ मसान्तमा उक्त विनिमय दर रु. ७३.२५ पुगेको छ ।